स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

ऐंचो पैंचोको अर्थ लिने-दिने भन्ने हुन्छ । यही चलनचल्तीको वाक्य सापटी दिँदै नेपाली फिल्म बनेको छ, 'ऐंचो पैंचो' । जनैपूर्णिमाबाट प्रदर्शनमा आएको फिल्मको नामजस्तै दुई अभिनेत्री स्वस्तिमा खड्का र वर्षा राउतबीच भूमिका पनि साटफेर भएको थियो । स्वस्तिमाको चित बुझाउनलाई निर्माण टिमले दुवैको भूमिका हेर फेर गरेको थियो । वर्षाले निर्वाह गरेको पुष्पाको भूमिकामा स्वस्तिमा रोजाईमा थिइन् । र, उनले गरेको रुपाको भूमिका वर्षाका लागि सोचिएको थियो । तर, स्वस्तिमाले वर्षाको रोल चाहिँ मन पराइन् ।

आजको विचार...

मानव...
(दुई पेजमा)

डा. कपिलमणि केसी

अभिनेत्री टर्न निर्देशक झरना थापाका लागि 'ए मेरो हजुर'पैसाको बोट हो । यसपटक उनले पैसा फल्ने बोट छाडेर 'एक भगवत् गीता' नामको नयाँ विरुवा रोपेकी छन् । तर, यसपटक नयाँ नामका कारण चुनौती बढी छ । 'ए मेरो हजुर'लाई सिरिजको रुपमा तन्काउँदै आएकी झरनाले 'एक भगवत् गीता' व्यावसायिक हिसाबमा सफल भए फिल्मको एक चरित्रमाथि फिल्म बनाउने सोच बनाएकी छन् । फिल्मको ट्रेलर सार्वजनिक कार्यक्रममा उनले कमलामाईको क्यारेक्टरमा ट्रान्सवुमनको भूमिका निर्वाह गरेका अभिनेता विपिन कार्कीलाई लिएर 'कमलामाई' शीर्षकमै फिल्म बनाउने इच्छा रहेको बताइन् ।

❐ वर्ष २९ ❐ अंक ४८ ❐ २०८० भदौ १७ गते आइतबार 3 September 2023, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

सङ्क्षिप्त समाचार

तानसेनमा जिप दुर्घटना हुँदा ६ घाइते

पाल्पा, भदौ १६/जिल्लाको तानसेन नगरपालिका -१२ कार्तिके स्थित भित्री पक्कि सडक खण्डमा जिप दुर्घटना भएको छ । बुटवलबाट गुल्मीतर्फ जादै गरेको बा १६ च ४३७३ नम्बरको डबल क्याप स्कार्पियो जिप शनिबार दुर्घटना भएको हो । दुर्घटनामा परी ६ जना घाइते भएका छन् । घाइते हुनेहरुमा चालक रुपन्देही सैनामैना नगरपालिका -११ सालझण्डीका २३ वर्षीय कृष्ण भुषाल, सैनामैना-३ मुर्गियाका ६७ वर्षीय तुलसीराम घिमिरे, अर्घाखाँचीको सन्धिखर्क नगरपालिका-५ तल्ला हुलाकका ४७ वर्षीय बेद प्रकाश अधिकारी, रुपन्देही सैनामैना नगरपालिका -१० सालझण्डीका ४९ वर्षीय तोयानाथ घिमिरे, सैनामैना- ८ रामपुर कोलनीका ३१ वर्षीय लक्ष्मण खनाल, सैनामैना- ६ दुधराजकी ४८ वर्षीया सान्ता पन्त रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक वीरेन्द्र थापाले जानकारी दिए । उनका अनुसार घाइतेहरुको उद्दार गरी लुम्बिनी मेडिकल कलेज प्रभास पठाइएको छ । गाडी आफै अनियन्त्रित भई बाटो देखि अन्दाजी ५० मिटर तल खेतमा खसेको छ ।

व्यवसायीको दुखेसो : 'दोहोरो कर नीतिले समस्यामा पर्‍यौं'

हाम्रा संवाददाता

पाल्पा, भदौ १६/नेपालमा सरकारको दोहोरो नीति र राजनीतिक अस्थिरताका कारण जहिल्यै उद्योगी-व्यवसायी मारमा पर्ने गरेको गुनासो छ । प्राकृतिक विपद्, महामारी र राजनीतिक अस्थिरताका कारण व्यवसाय तहसनहस भइरहँदा दोहोरो कर नीतिले झन आफुहरु समस्यामा परेको व्यवसायीहरुले गुनासो गर्दै आएका छन् ।

स्थानीय, प्रदेश र संघीय सरकारबाट उठ्ने करमा अझै पनि दोहोरोपन रहेको छ । खासगरी स्थानीय उत्पादनमा दोहोरो कर लागेको र कतिपय ठाउँमा कर उठाउने क्षेत्राधिकार समेत मिच्ने गरेका कारण व्यवसायी मर्कामा परेका हुन् । कतिपय विषय प्रदेशको एकल अधिकार हुने र कतिपय विषय स्थानीय तहको एकल अधिकार हुने भनिएपनि कसको क्षेत्राधिकार के हो ? यस विषयमा तीनै तहका सरकार अझै पनि स्पष्ट हुन नसक्दा त्यसको मार व्यवसायीले खेप्नु परेको हो । पालपा रामपुरका उद्योगी तथा व्यवसायीहरुले सरकारको दोहोरो कर नीतिका कारण आफुहरु समस्यामा परेको बताएका हुन् । व्यवसायी र जनप्रतिनिधि बिचको भएको अन्तर्क्रिया कार्यक्रममा उनीहरुले दोहोरो करले समस्यामा परेको गुनासो गरेका छन् । राज्यलाई कर कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय तथा नगरपालिका सबै तिर राजस्व तिर्नु पर्ने नीतिले आफुहरु थप मारमा परेको व्यवसायीहरुले बताएका छन् । उनीहरुले बजार क्षेत्रको भाडादर उच्च हुँदा समस्या भएको, पोके व्यापारीका कारण सटर भाडाका व्यवसायी थप मर्कामा परेको, सवारी व्यवस्थापन, व्यवसायको प्रकृति अनुसारको कारोबार नहुनु, पेटीमा सामान राख्न पाउनु पर्ने, जिल्ला दररेट, फोहोर व्यवस्थापन, सार्वजनिक शौचालय, खानेपानी महसुल, रामपुर अस्पतालको व्यवस्थापन, सडकको अवस्था सुधार गर्नु पर्ने, अनुगमनलाई प्रभावकारी बनाउनु पर्ने लगायतका माग तीनै तहका सरकारसँग गरेका छन् । व्यवसायीहरुको गुनासोलाई सम्बोधन गर्दै लुम्बिनी प्रदेश सांसद राजुप्रसाद श्रेष्ठले रामपुर नगर क्षेत्रको बजारलाई व्यवस्थित गर्न प्रदेश सरकारले आवश्यक काम थालेको बताए । करको दर बढाउने नभई दायरा बढाउनु आवश्यक रहेको उनको भनाई छ । उनले राजस्व संकलन गर्दा व्यवसायीहरुसँग समन्वय गरेर अघि बढ्न नगर सरकारलाई आग्रह गरे ।

अन्तरक्रिया कार्यक्रम
सूर्य सुन चाँदी पसल

रामपुर नगरपालिकाका नगर प्रमुख रमण बहादुर थापाले बजारलाई व्यवस्थित बनाउन सबैको साथ र सहयोगको आवश्यकता रहेको बताए । उनले सकारात्मक सुझाव र सहयोगका लागि उद्योगी व्यवसायीसँग माग गरे । उनले नगरको मुख्य बजार बेझाँड क्षेत्रको स्तरोन्नतिको लागि प्रक्रिया अघि बढेको जानकारी दिदै सीसीटिभी, लाईटको व्यवस्थापनसँगै फोहोरको दीर्घकालिन समस्या समाधानको प्रयत्न भैरहेको बताए । उपप्रमुख बालकुमारी थापाले स्थानीय तहको विकासका लागि स्रोत जुटाउन व्यवसायीलाई मर्का नपर्ने गरी करको दायरामा ल्याउन पहल गरेको बताइन् । उनले नगरपालिकाले न्यून दरमा मात्र कर संकलन गरेको बताइन् । कोरोना तथा आर्थिक मन्दीले व्यवसायीहरुलाई परेको समस्यालाई मध्यनजर गर्दै दुई वर्ष नगरपालिकाले राजस्वमा छुट दिएको र यस वर्ष पनि समयमै नविकरण गर्ने व्यवसायीहरुलाई छुट दिईएको जानकारी दिइन् । इलाका प्रहरी कार्यालय रामपुरका प्रमुख शालिकराम खनालले व्यवसायीको पूर्ण सुरक्षाको लागि प्रहरी प्रतिवद्ध भएर लागेको बताउँदै प्रहरीलाई सुचना दिएर सहयोग गर्न आग्रह गरे । रामपुर उद्योग वाणिज्य संघका अध्यक्ष भोजेन्द्र प्रकाश ढकालले व्यवसायीहरुको समस्या पहिचानका लागि संघले कार्यक्रम आयोजना गरेको बताए । रामपुर उद्योग वाणिज्य संघको आयोजना र रामपुर नगरपालिकाको सहयोगमा भएको कार्यक्रम संघका अध्यक्ष भोजेन्द्र प्रकाश ढकालको अध्यक्षता, वरिष्ठ उपाध्यक्ष रुद्र नारायण श्रेष्ठको स्वागत र महासचिव खिम बहादुर केसीको सञ्चालनमा भएको थियो ।

गाउँ फर्किंदै माओवादी

पाल्पा, भदौ १६/सरकारको नेतृत्व गरिरहेको नेकपा (माओवादी केन्द्र)ले पार्टीलाई जनतासँग जोड्ने उद्देश्यले शनिबारदेखि देशभर 'जनतासँग माओवादी' विशेष रुपान्तरण अभियान सञ्चालन गरेको छ । पार्टी अध्यक्ष एवम् प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पार्टी मुख्यालय पेरिसडाँडाबाट अभियानको उद्घाटन गरेका हुन् ।

गाउँबाटै उदाएको माओवादी अभियानमार्फ पुनः गाउँ- गाउँ पुग्न लागेको छ । १० वर्षे सशस्त्र युद्ध गरेर उदाएको माओवादीमाथि शान्ति प्रक्रियामा आएपछि धरातल बिर्सिएको आरोप लाग्दै आएको बेला माओवादी गाउँ फर्किन लागेको हो । माओवादी सहर केन्द्रित हुँदा पार्टीको आकार पनि घट्दै गएको छ । शान्ति प्रक्रियामा आएपछि पहिलो संविधानसभा निर्वाचनमा माओवादी पहिलो पार्टी बनेको थियो । दोस्रो संविधानसभा र पछिल्ला दुई निर्वाचनसम्म आइपुग्दा तेस्रोमा खुम्चिएको छ । त्यो पनि दोस्रोसँग भारी अन्तर छ । पार्टी खुम्चिँदै गएपछि बल्ल माओवादीले गाउँ सम्झिएको हो । 'जनतासँग माओवादी विशेष रूपान्तरण अभियान'ले आगामी निर्वाचनमा पार्टीलाई पुरानै अवस्थामा फर्काउन मद्धत गर्ने माओवादीको विश्वास छ । माओवादीले अभियानमार्फत आसन्न निर्वाचनमा जनताको 'मन जितेर मत प्राप्त गर्ने' उद्देश्य राखेको छ ।

गत साउन तेस्रो साता राजधानीमा बसेको माओवादीको केन्द्रीय समितिको चौथो पूर्ण बैठकले पार्टी र सरकारको सन्देश प्रत्येक घरघरमा पुऱ्याउने उद्देश्यसहित अभियान सञ्चालन गर्ने निर्णय गरेको थियो । अभियानअन्तर्गत पार्टी अध्यक्ष दाहालले नेतृत्व गरेको सरकारले गरेका भ्रष्टाचार नियन्त्रण, सुशासन प्रवर्द्धन, सेवा प्रवाहमा गरिएको सुधारलगायत जनपक्षीय कामको प्रचारप्रसार गरिने, पार्टीभित्रको समस्या तथा अन्तरविरोधको पहिचान गर्ने, माओवादी नेता तथा कार्यकर्ता जनतासँग नपुग्नेलगायत गुनासाको प्रभावकारी समाधान खोजिने माओवादीले जनाएको छ ।

तानसेनमा निकालियो श्रीनगर गणेशको रथयात्रा

पाल्पा, भदौ १६/तानसेनमा शनिबार श्रीनगर सिद्धि विनायक गणेशको रथयात्रा निकालिएको छ । श्रीनगर सिद्धि विनायक गणेश गुठीले बाजागाजा सहित गणेशको रथ निकालेको हो ।

यो हरेक वर्ष रोपाइँजात्राको भोलिपल्ट निकाल्ने गरिन्छ । तानसेनको पुरानो र ऐतिहासिक जात्रा मध्येको यो एक हो । यो विशेष गरी तानसेनका नेवार समुदायले विशेष रुपमा मनाउने गर्छन् । ऐतिहासिक भगवती जात्राको झल्को दिने गरी गणेशको रथ निकालियो थियो । भगवतीको जात्रामा जस्तै युवाहरुले गणेशको रथ बोकेर नगर परिक्रमा गराएका थिए । अगाडि-अगाडि भजन, बाजा र पछिपछि रथ डुलाइएको थियो । परिक्रमा गर्न हिडालिएको रथमा तानसेनवासीले विभिन्न पर्सादहरु चढाउने गरेको देखिन्थ्यो । नेपाली सेनाले सलामी दिएसँगै गणेशको रथ निकालिएको गुठीले जनाएको छ । गणेश जात्राको इतिहास ऐतिहासिक भगवती जात्रासँग जोडिएको गुठीयार तथा नेपाली काँग्रेसका जिल्ला सभापति हिमालदत्त श्रेष्ठले बताए । नेपाली सेनाले जीतगढी युद्धमा विजय प्राप्त गरेको खुसीयालीमा भगवती जात्रा जस्तै गणेशको रथयात्रा निकाल्ने गरिएको उनले बताए । श्रेष्ठका अनुसार भगवती जात्राको प्रारम्भ भएदेखि गणेशको रथयात्रा निकाल्ने गरिएको हो । गणेशको रथयात्रा विशेष गरी तानसेनका चार घर परिवारले सुरु गरेका थिए । गुठियार श्रेष्ठका अनुसार यहाँका लिगल, सुवाल, महर्जन र श्रेष्ठ परिवारले गणेशको रथ निकाल्ने परम्पराको सुरुवात गरेका हुन् । पछिल्लो समय यहाँका तीन घर परिवार बसाईसरी बाहिर गएपछि अहिले श्रेष्ठ परिवारले गुठीमार्फत यो रथयात्रा निकाल्ने गरेका छन् । विगत ३० वर्षदेखि गुठीमार्फत यो जात्रा निकाल्ने गरिएको छ । तानसेनमा थुपै रथयात्रा निकाल्ने गरिए पनि गणेशको रथ निकालेपछि मात्र अन्य रथ निकाल्ने प्रचलन रहेको छ । नेवार समुदायको परम्परागत संस्कृतिलाई बचाई राख्न हरेक वर्ष गणेशको रथ निकाल्ने गरिएको हो । गणेश जात्राका दिन बाघ जात्रा पर्ने गर्दछ । त्यसको भोलिपल्ट टक्सार टोल स्थित सूर्यविनायक गणेश जात्रा निकालिन्छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

सम्पादकीय

जात्रा संरक्षणमा चुनौती

जात्रैजात्राको सहरका रुपमा परिचित तानसेनमा यति बेला जात्राहरु विस्तारै हराउँदै गएका छन् । विगतमा निकै हर्षोल्लासका साथ तानसेनका टोल–टोलबाट निकालिने चुइकी फिराई, लाखे नाच, गाईजात्रा, रोपाइँ जात्रा एकदुई वटामा सीमित भएका छन् । विगतका वर्षहरूमा जात्रा हेर्न तानसेन बजार भीडभाड हुने गरेपनि यस वर्षको गाईजात्रा र रोपाँइ जात्रा गर्ने र हेर्ने मानिस नै नहुँदा सडकहरू सुनसान देखिए । नेवार समुदायले आफ्ना दिवंगत परिवारका सदस्यको सम्झनामा गाईजात्रा निकाल्ने परम्परा रहेको छ । काठमाडौंपछि नेवार समुदायको बढी बसोबास भएको तानसेनमा गाईजात्रा मनाउने गरिए पनि पछिल्ला वर्षाहरुमा हराउँदै गएका छन् ।

यहाँ जनैपूर्णिमाका दिनदेखि लगातार १० दिनसम्म जात्रा निकाल्ने गरिन्छ । भगवती रथ यात्रा, चुइँकी फिराई, गाइ जात्रा, रोपाइँ जात्रा, बाघ जात्रा, सिद्धि विनायक गणेश जात्रा, सूर्यविनायक गणेश जात्रा, भिमसेन जात्रा, कृष्ण जात्रा, नारायण जात्रा, कालभैरव, बटुक भैरव, लक्ष्मी नारायण, हनुमान जात्राका साथै बौद्ध धर्मावलम्बीहरुले बुद्ध जयन्तीको अवसरमा निकाल्ने बुद्ध जात्रा यहाँका विशेष जात्रा हुन । तर आधुनिक प्रविधिको प्रयोग र व्यापकताका कारण यी जात्राहरु ओझेलमा पर्दै गइरहेका छन् । कलासंस्कृतिको महत्व नयाँ पुस्ताले बुझ्न नसक्दा र स्थानीय सरकारले समेत यस्ता संस्कृतिको संरक्षणमा चासो नदिदा यहाँका मौलिक जाात्रा हराउने अवस्थामा पुगेका हुन् । जात्रा हराउन थोपछि पुरानो पुस्ता चिन्ति बनेका छन् । पुराना पुस्ताले संस्कृति धान्दै आए पनि नयाँ पुस्तामा जात्रा प्रति खासै आकर्षण छैन, जसका कारण यो जात्रा संरक्षण गर्न चुनौती बढेको हो । मौलिक संस्कृति लोप हुँदै जानु भनेको राष्ट्रको पहिचान हराउँदै जानु हो । यो चिन्ताको विषय हो । जात्रा निकाल्नका लागि खर्चिलो हुने भएकाले पनि यसको संरक्षणमा चुनौति देखिएको छ । यसलाई स्वाभाविक रुपमा मानिए पनि राष्ट्रको गरिमालाई भने यसले कायम राख्न सक्दैन । स्थानीय जात्रा, पर्वहरुको संरक्षण गर्ने जिम्मेवारी स्थानीय सरकारको समेत हो, तर यसतर्फ सरकारले ध्यान नदिनु दुखद् हो । तानसेनको कला, संस्कृति र जात्रा पर्वको संरक्षणमा तानसेन नगर सरकारले ध्यान दिन आवश्यक छ । हैन भने तानसेनको इतिहास इतिहासमै सिमित बन्ने निश्चित छ ।

Opinion @ Social Network

सुन्दर रुपको पछि लागेर के गर्छौ,
क्यामेराले चित्र मात्रै खिच्छ चरित्र हैन ।
(***अविरल श्रेष्ठको फेसबुक स्टाटस*** *https://www.facebook.com/abiral.shrestha*)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

नवजनचेतना दैनिक
भगवतीटोल तानसेन, पाल्पा

मानव स्वास्थ्यका विद्यमान सामाजिक अन्धविश्वासहरु

डा. कपिलमणि केसी

हाम्रो देशमा सामाजिक सचेतना र बौद्धिक विद्धता राम्रै अवस्थामा छ । यद्यपि युरोप, अमेरिका जस्ता विकसित देशहरुमा भए जस्तो नभए पनि अफ्रिकी मुलुकका देशहरु भन्दा निकै माथि भएको महसुस गर्न सकिन्छ । तर मानव स्वास्थ्यसँग सम्बन्धित केही सामाजिक तर्क अथवा विश्वासहरु यस्ता छन् कि जुन वर्षौंदेखि समाजमा जरा गाडेर बसेका छन् र ती अन्धविश्वासहरु मानव जातिको समग्र स्वास्थ्यको विरुद्धमा छन् ।

यद्यपि देशका विकसित शहरहरुमा यस्ता प्रचलन सामान्य नभए पनि देशका दुर्गम गाउँहरुमा ब्याप्त छन् । म आफैं पनि देशको यही परिधिमा रहेका बिरामीहरुको स्वास्थ्य सेवामा संलग्न भएको हुँदा यस्ता अन्धविश्वासहरुको बारेमा अझ नजिकबाट बुझ्ने अवसर मिलेको छ । लेखको शुरुआत बिरामीसँग भएको एउटा संवादबाट शुरु गर्न मन लाग्यो । थाइ (साप्रा) को हड्डी भाँच्चिएर निकै गम्भीर अवस्थामा अस्पताल आएका बिरामीलाई सघन अपचार कक्षमा राखी हड्डीमा लामो रड राखेर घर पठाएको छ महिनापछि ओपीडीमा राम्रोसँग हिँडेर आउँछन् । उनले छ महिनाको अवधिमा झन्डै झन्डै दैनिक जसो चिप्ले कीरा खाने वातावरण मिलाउँछन् । उनी यति विश्वस्त छन् कि चिप्ले कीरा नखाइकन हड्डी कुनै पनि हालतमा जोडिँदैन । उनको भनाइलाई सापटी लिँदा डाक्टर साबले पनि मेहनत त गर्नु भएकै हो तर मेरो हड्डी जोडिन चिप्ले कीराले प्रमुख भूमिका खेले जस्तो लाग्छ भनेर आृनो विश्वास ब्यक्त गर्दछन् । कुरा चिप्ले कीरा किन खाएको भन्ने होइन । तर हड्डी भाँच्चिएपछि चिप्ले कीरा नखाइकन हड्डी जोडिँदैन भन्ने सामाजिक मान्यता गलत छ । बरु चिप्ले कीरा सेवन गर्दा पेट सम्बन्धी अरु रोगहरुको संक्रमण हुन सक्छ । हड्डी राम्रोसँग जोडिनको लागि अपरेशनको तरीका उत्तम हुनुको साथसाथै नियमित पिजिओथेरापी, क्याल्सियम भिटामिन डीको सेबनलगायत अरु धेरै कुरामा ध्यान दिनु आवश्यक छ । अर्को केसको कुरा गर्दा आृनी आमाको हातको सानो हड्डी भाँच्चिएपछि चिप्ले कीरा ल्याउन भीरमा जाँदा लडेर आृनो खुट्टाको हड्डी भाँच्चिदा यही अस्पतालमा आएर छोराले पनि हड्डीको अपरेशन गर्नु परेको कथा छ । धन्न यसपटक चाहिँ छोराको लागि चिप्ले कीरा ल्याउन अरु आफन्तहरु फेरि पनि भीरमा गएनन् होला भन्ने विश्वास गरेको छु । कहिलेकाहिँ खुट्टा मर्किएर अथवा भाँच्चिएर सुन्निएको अवस्थामा धेरै मानिसहरुले तातो पानीले सेक्ने गरेको पाइन्छ । तातो पानीले सेक्दा भाँच्चिएको ठाउँमा रक्तसंचारको प्रवाह अझ बढ्ने हुँदा उक्त भाग झन् सुन्निने, दुख्ने, फोका उठ्ने, पाक्ने पनि हुनसक्छ । यहाँ उल्लेख गरेका सबै जटिलताहरु एकै साथ नदेखिन पनि सक्छन् । भाँच्चिएको भाग थप सुन्निँदै जान्छ । त्यसकारण भाँच्चिएको मर्किएको ठाउँमा तातोको सट्टा चिसो पानीले अथवा बरफले सेक्नु पर्दछ । ढाड र घुँडामा हुने दीर्घकालीन दुखाइमा भने मन तातो पानी अथवा हट वाटर ब्यागले सेक्न सकिन्छ । धेरै नै तातो पानी प्रयोग गर्नु राम्रो हुँदैन । धेरै तातो पानीले सेक्दा ढाडमा फोका उठेर घाउ भएका धेरै बिरामीहरु पनि भेटिन्छन् । अर्को कुरा चोटपटक लागेपछि अथवा भाँच्चिएको ठाउँमा प्लास्टर लगाएर निकालेपछि गाईको घ्यूलगायत अरु जडिबुटी लगाएर बेस्सरी मालिस गर्ने चलन छ । चोटपटक लागेको ठाउँमा मालिस गर्दा शरीरको मासु र हड्डीमा थप चोट अथवा आघात पर्दछ र थप दुखाइ हुन्छ भने प्लास्टर निकालेको ठाउँमा मालिस गर्दा थप हड्डी पलाउन सक्ने र यसले जोर्नीलाई थप जाम गराउने सम्भावना रहन्छ । त्यसैगरी ढाड सड्किएको बेलामा पनि मालिस गर्नु हुँदैन । यसले समस्यालाई थप जटिल बनाउँदछ । ढाड सड्केकै चर्चा गर्दा औषधि सेवन नगरिकन दुखेको बेलामा मसल तन्काउने फिजिओथेरापी गर्नु हुँदैन । यद्यपि मेशिनबाट सेक्ने थेरापी चाहिँ गर्न सकिन्छ । हात र खुट्टामा प्लास्टर लगाएपछि औंलाहरु चलाउन हुन्न भन्ने मान्यता पनि गलत हो । प्लास्टर लगाएपछि औंलाहरु चलायो भने हड्डीले ठाउँ छोड्छ भनेर हातलाई बाँधेर झोलामा राख्ने चलन देखिन्छ । यसरी औंलाहरु लामो समयसम्म नचलाउँदा जाम भएर सुन्निने, दुख्ने, राम्रोसँग मुठी पार्न नमिल्ने हुन्छ । जसलाई मेडिकल भाषामा कम्प्लेक्स रिजनल पेन सिन्ड्रोम भनिन्छ । यस्तो समस्या भएमा बिरामीहरुले लामो समयसम्म दुखाइलाई झेल्नु पर्ने हुनुको साथै लामो अवधिसम्म थेरापी गर्नु पर्ने हुनसक्छ । एउटा हात सामान्य रुपमा भाँच्चिएर प्लास्टर लगाइसकेपछि राम्रोसँग हातका औंलाहरु चलाउनु पर्छ भन्ने सही सल्लाह नपाउँदा बिरामीले हात भाँच्चिएर पाउने दुःख भन्दा जोर्नी जाम भएर हुने समस्या दश गुणा बढी हुनसक्छ । खुट्टा भाँच्चिएर प्लास्टर लगाएको अवस्थामा अथवा अपरेशन गरेपछिको अवस्थामा पनि भाँच्चिएको हड्डीको प्रकृति हेरेर डाक्टरको सल्लाहअनुसार छिटो टेकेर हिँड्ने वातावरण मिलाउनु पर्दछ । मेडिकल भाषा अनुसार खुट्टा टेकेर हिँड्न शुरु गरेपछि मात्र हड्डी जोडिने प्रक्रिया थप मजबुत हुँदै जान्छ । यद्यपि जोर्नीनेरको हड्डी भाँच्चिएर टुक्रा-टुक्रा भएको अवास्थामा यो नियम नलाग्न सक्छ । त्यसकारण मर्किएका र सामान्य फ्याक्चर भएका बिरामीलाई प्लास्टर लगाउन परेमा प्लास्टरमै टेकेर हिँड्ने सुझाव आवश्यक पर्दछ । यो कुरा गाउँघरमा काम गर्ने स्वाथ्यकर्मीको हकमा अझ बढी सान्दर्भिक देखिन्छ ।

खुट्टा भाँच्चिएर प्लास्टर लगाएको अवस्थामा अथवा अपरेशन गरेपछिको अवस्थामा पनि भाँच्चिएको हड्डीको प्रकृति हेरेर डाक्टरको सल्लाहअनुसार छिटो टेकेर हिँड्ने वातावरण मिलाउनु पर्दछ । मेडिकल भाषा अनुसार खुट्टा टेकेर हिँड्न शुरु गरेपछि मात्र हड्डी जोडिने प्रक्रिया थप मजबुत हुँदै जान्छ । यद्यपि जोर्नीनेरको हड्डी भाँच्चिएर टुक्रा-टुक्रा भएको अवास्थामा यो नियम नलाग्न सक्छ । त्यसकारण मर्किएका र सामान्य फ्याक्चर भएका बिरामीलाई प्लास्टर लगाउन परेमा प्लास्टरमै टेकेर हिँड्ने सुझाव आवश्यक पर्दछ । यो कुरा गाउँघरमा काम गर्ने स्वाथ्यकर्मीको हकमा अझ बढी सान्दर्भिक देखिन्छ । बिरामीहरुले प्लास्टर लगाएपछि हिँड्नै हुँदैन भन्ने विश्वास राख्ने हुँदा यो कुरा स्वास्थ्यकर्मी र डाक्टरहरुले नै हड्डी भाँच्चिएको प्रकृति हेरेर टेकेर हिँड्ने सल्लाह दिनुपर्दछ । एक जना बिरामीको उदाहरण दिएर भन्नु पर्दा एउटा सामान्य मर्केको खुट्टामा प्लास्टर लगाएर आराम गर्नुपर्छ भन्ने सल्लाहअनुसार उनले डेढ महिनासम्म खुट्टा नटेकिकन प्लास्टर लगाएर आराम गर्दा माथि उल्लेख गरे अनुसार कम्प्लेक्स रिजनल पेन सिन्ड्रोममा भएर बिरामीलाई खुट्टा सामान्य अवस्थामा आउन नौ महिना लाग्यो । यो अवधिमा उनले धेरै डाक्टरलाई देखाउँदा लामो समयसम्म मानसिक तनाब झेल्नुका साथै ठूलो आर्थिक क्षति बेहोर्नु पर्यो । जुन कुरा प्लास्टर लगाएर विज्ञ चिकित्सकको सल्लाहअनुसार टेकेर हिँडेको भए एक महिनामै पहिलाको अवस्थामा आउने थियो । अर्को कुरा जुन अहिलेको समयमा त त्यति प्रचलित छैन तर १५-२० वर्ष अगाडि धेरै सामान्य थियो ।

बिरामीहरुले प्लास्टर लगाएपछि हिँड्नै हुँदैन भन्ने विश्वास राख्ने हुँदा यो कुरा स्वास्थ्यकर्मी र डाक्टरहरुले नै हड्डी भाँच्चिएको प्रकृति हेरेर टेकेर हिँड्ने सल्लाह दिनुपर्दछ । एक जना बिरामीको उदाहरण दिएर भन्नु पर्दा एउटा सामान्य मर्केको खुट्टामा प्लास्टर लगाएर आराम गर्नुपर्छ भन्ने सल्लाहअनुसार उनले डेढ महिनासम्म खुट्टा नटेकिकन प्लास्टर लगाएर आराम गर्दा माथि उल्लेख गरे अनुसार कम्प्लेक्स रिजनल पेन सिन्ड्रोममा भएर बिरामीलाई खुट्टा सामान्य अवस्थामा आउन नौ महिना लाग्यो । यो अवधिमा उनले धेरै डाक्टरलाई देखाउँदा लामो समयसम्म मानसिक तनाब झेल्नुका साथै ठूलो आर्थिक क्षति बेहोर्नु पर्यो । जुन कुरा प्लास्टर लगाएर विज्ञ चिकित्सकको सल्लाहअनुसार टेकेर हिँडेको भए एक महिनामै पहिलाको अवस्थामा आउने थियो । अर्को कुरा जुन अहिलेको समयमा त त्यति प्रचलित छैन तर १५-२० वर्ष अगाडि धेरै सामान्य थियो । त्यो हो हड्डी भाँच्चिएपछि बेस्सरी कँसेर काप्रा बाँध्ने । यसरी जोडसँग कँसेर काप्रा बान्दा रक्त संचार बन्द भएर हात अथवा खुट्टा मर्ने हुँदा धेरै बिरामीहरुको हात खुट्टा काट्नु परेको छ । बरु काप्रो नबानेर यत्तिकै राखेको भए पनि हड्डी बाङ्गो गरी जुटेर भए पनि गरिखाने अवस्था आउँथ्यो होला । अन्त्यमा, शल्यक्रिया (अपरेशन) गरेपछि के कुरा खाने र नखाने भन्ने बारेमा पनि ठूलो अन्धविश्वास देखिन्छ । यो पनि गाउँ घरतिर नै बढी प्रचलित छ । बिरामीलाई जति नै सम्झाए पनि अपरेशन गरेपछि माछा, मासु, पिँडालु, भाण्टा, लसुन, प्याज खानै हुँदैन भन्ने मान्यता छ । अझ तराईतिर त माछा खाने भनेको त घाउ पकाउन नै हो भन्ने विश्वास छ । जुन कुरामा कुनै वैज्ञानिक सत्यता छैन । सत्य कुरा त के हो भने माछा मासु खायो भने शरीरमा प्रोटिनको मात्रा बढेर घाउ सन्चो हुन मद्दत गर्दछ । त्यसैगरी युरिक एसिड भएका बिरामी मानिसले दहीलगायत अमिलो चिज खान हुँदैन भन्ने सोचाइ पनि गलत हो । युरिक एसिड भएका मानिसहरुले यस्ता चिजहरु सेवन गर्न मिल्छ । शरीरका जोर्नीहरु दुख्दैमा युरिक एसिड भयो भन्नु पनि गलत हो । अरु धेरै रोगहरु हुन्छन् जसको कारणले पनि जोर्नीहरु दुख्न सक्छन् । त्यसकारण एक्काइसौं शताब्दीमा स्वास्थ्य सम्बन्धी अन्धविश्वासलाई चिनौं र स्वस्थ्य जीवन बिताउँ भन्ने कामना गर्दछु ।

-हाम्रा कुरा डटकम

महत्वपूर्ण टेलिफोन

प्रहरी कार्यालय
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
अस्पताल कार्यालय
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
एम्बुलेन्स न.
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

दैनिक राशिफल

मेष : आर्थिक कारोबारमा मन्दी आउनेछ । घर व्यवहारमा झमेला रहल।
वृष : सआज शुभकार्यको चर्चा चल्नेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।
मिथुन : आज दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । स्वादिष्ट भोजन पाइनेछ ।
कर्कट : आफन्तका बीचमा खटपट, चिन्ता उब्जनेछ । अधिकार प्रप्तिका लागि संघर्ष गर्नुपर्ला ।
सिंह:आजकार्यमा सफलता पाइनेछ।सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ ।
कन्या : आज शुभ कार्यमा सरिक भइनेछ । नयाँ बिजनेश प्लान बन्नेछ ।
तुला : आँटेको र ताकेको कार्य पुरा होला । पारिवारिक सद्भाव बढ्नेछ ।
वृश्चिक : आज महिलाहरूबाट विशेष सहयोग मिल्नेछ ।
धनु : लाभहानी, आयव्यय, सुखदुःख बराबरी मध्यम खालको दिन छ ।
मकर : आज आृनै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् ।
कुम्भ : लगनशीलताले कामहरू अगाडि बढ्नेछन् ।
मीन :एक अर्कासँग केही न केही आशा गरिरहनु हुनेछ ।

कृषि

गुर्जामा स्याउखेतीको परीक्षण सफल

म्याग्दीको धवलागिरि गाउँपालिका-१ गुर्जामा उच्च घनत्वको स्याउखेतीको परीक्षण सफल भएको छ । गण्डकी प्रदेशको कृषि विकास निर्देशनालयले इटलीबाट ल्याएको उच्च घनत्व जातका स्याउका बिरुवा दुई वर्षअघि गुर्जामा रोपिएका थिए ।

गुर्जाका वडा अध्यक्ष झकबहादुर छन्त्यालले स्याउको बोटमा यस वर्षदेखि फल लागेको जानकारी दिए । ‘परीक्षणका लागि जोखिम मोलेर स्याउखेती गरिएको थियो’, उनले भने ‘सबै बोटमा फल लागेको छ ।’ गुर्जाको स्याउखेती भएको ठाउँको उचाइ समुद्री सतहदेखि दुई हजार सात सय मिटर छ । गुर्जाको हिमाली कृषि सहकारी संस्थाले बाँझो जमिनको झाडी फाँडेर घेराबार गरी स्याउको बगैँचा बनाएको थियो । नाइलीबाङमा २६ कृषकले करिब २० रोपनी जग्गामा स्याउखेती गरेका हुन् । अन्यत्र यही उचाइमा खेती सफल भएकाले गुर्जामा पनि स्याउखेती गरिएको थियो । गण्डकी प्रदेशको कृषि विकास निर्देशनालयको ५० प्रतिशत अनुदान सहयोगमा आर्थिक वर्ष २०७८/७९ मा सात सय उच्च घनत्वको स्याउको कलमी बिरुवा लगाइएको थियो । आव २०७७/७८ मा कृषि ज्ञान केन्द्रको ५० प्रतिशत अनुदान सहयोगमा दुई सय ५६ र वडाको प्रस्तावमा गाउँपालिकाको ७५ प्रतिशत अनुदानमा पाँच सय ९२ बिरुवा रोपिएका थिए । कृषि ज्ञान केन्द्रका प्राविधिक श्यामशरण कुर्मीले गुर्जामा जिल्लामै पहिलोपटक स्याउखेतीको परीक्षण सफल भएको बताए । ‘हावापानी, वातावरण र अनुकुल भूगोल भएकाले गत वर्षदेखि गुर्जामा उच्च घनत्वको स्याउखेती थालिएको थियो’, उनले भने, ‘छिटो फल्ने, धेरै उत्पादन दिने, फल टिप्न र खेती गर्न सजिलो हुने उच्च घनत्वको स्याउखेती विस्तारको सम्भावना बढेको छ ।’ यसअघि गुर्जामा स्थानीय जातको स्याउखेती गरिए पनि अपेक्षाकृत सफलता हासिल भएको थिएन । ‘पुराना र परम्परागत रैथाने स्याउका बोटले उत्पादन तथा गुणस्तरीय स्याउ फलाउन छाडेपछि त्यसको साटो छिटो फल्ने उच्च घनत्वको स्याउ बिरुवा लगाउन थालिएको हो’, वडाध्यक्ष छन्त्यालले भने,‘उच्च घनत्वको स्याउखेती विस्तार गरेर गुर्जामा खेर गइरहेको बाँझो जमिनको सदुपयोग गर्न र कृषकको आम्दानी बढाउन जोड दिन्छौँ ।’**-रासस**

अकबरे खुर्सानी खेतीबाट मनग्य



व्यावसायिक अकबरे (डल्ले) खुसार्नी खेतीबाट भोजपुरका किसानले मनग्य आम्दानी लिँदै आएका छन् । उत्पादित खुसार्नीको बाहृय जिल्लाका बजारमा समेत माग बढेपछि किसान राम्रो आम्दानी लिन सफल भएका हुन् ।

स्थानीय किसानले उत्पादन गरेको खुसार्नी स्थानीय बजारसँगै धरान, इटहरी, विराटनगर, काठमाडौं लगायतका सहरमा पुग्ने गरेको छ । उत्पादन भएको खुसार्नी किसानको बारीबाट ठेकेदारले खरिद गरेर लैजाने गरेका छन् । खुर्सानी स्थानीय बजारमा प्रतिकेजी रु दुई सय ५० देखि रु तीन सय ५० सम्ममा बिक्री हुने गरेको किसानको भनाइ छ । यहाँका विभिन्न ठाउँमा कृषकले व्यावसायिकरूपमा अकबरे खुसार्नीको खेती गरिरहेका छन् । विशेष गरेर जिल्लाको पौवादुङमा गाउँपालिकाले यसको पकेट क्षेत्र निर्धारण नै गरेर कृषकलाई खेतीमा प्रोत्साहन गरेको छ । पौवादुङमाका किसानले उत्पादन भएको खुर्सानी तिवारी भञ्याङ बजार तथा अन्य जिल्लामा निर्यात गर्दै आएका छन् । यही क्षेत्र भएर मध्यपहाडी लोकमार्गअन्तर्गत सवारीसाधनको आवतजावत हुने भएकाले उत्पादन भएको खुर्सानी बिक्री वितरण गर्न सहज भएको पौवादुङमा-२ तिवारीभञ्याङका किसान टीकाराम तिवारीले बताए । गाउँमा उत्पादन भएको खुर्सानी सङ्कलन गरेर दैनिकजसो बाहिरी जिल्लाका बजारमा पठाउँदै आएको तिवारीले जानकारी दिए । ‘पौवादुङमा क्षेत्रमा धेरै किसानले व्यावसायिकरूपमा अकबरे खुर्सानीको खेती गर्दै आएका छन्’, तिवारीले भने, ‘सडकको सहजताका कारण यहाँ उत्पादन भएको खुर्सानी बढी मात्रामा बाहृय जिल्ला जाने गरेको छ । खुर्सानी बिक्रीबाट राम्रै आम्दानी हुन्छ ।’ खुर्सानी बिक्रीबाट वार्षिक रु तीनदेखि चार लाखसम्म आम्दानी लिने गरेको किसान तिवारीले बताए । यहाँका एक किसानले सरदरमा वार्षिकरूपमा रु ५० हजारदेखि रु पाँच लाखसम्म आम्दानी लिने गरेको उहाँको भनाइ छ । तिवारीभञ्याङ क्षेत्रमा एक सय बढी घरले व्यावसायिकरूपमा खेती गर्दै आएको किसान तिवारीले जानकारी दिए । खुर्सानी खेतीका लागि गाउँपालिकाले आवश्यक सहयोग गरेकाले थप सहज भएको उनको भनाइ छ । ‘हाम्रो गाउँपालिकामा व्यावसायिक खुर्सानी खेती गर्ने किसानको सङ्ख्या धेरै नै छ’, उनले भने, ‘विगतमा कमै मात्रामा किसानले खेती गर्दै आएका थिए । गाउँपालिकाले खुर्सानी खेतीका लागि आवश्यक सहयोग गरेपछि प्रायः सबै किसानले खेती गरेका छन् । गाउँपालिकाको सहयोगले यसको व्यावसायिक खेतीमा लाग्न हामीलाई टेवा पुगेको छ ।’ खुर्सानी खेती गाउँपालिकाको राम्रो आम्दानीको स्रोत रहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवीन भट्टराईले जानकारी दिए । कृषिबाट कृषकलाई आयआर्जनमा जोड्न गाउँपालिकाले आवश्यक सहयोग गर्दै आएको उनको भनाइ छ । गाउँपालिकाले भूगोलअनुसारको बालीमा जोड दिएको प्रशासकीय अधिकृत भट्टराईले बताए । ‘अकबरे खुर्सानी खेती किसानको राम्रो आम्दानीको स्रोत बनेको छ’, प्रमुख प्रशासकीय अधिकृत भट्टराईले भने, ‘गाउँपालिकाले खुर्सानी खेतीमा प्रोत्साहनका कार्यक्रम सञ्चालन गरेपछि खेतीमा लाग्ने किसानको सङ्ख्या बढेको अवस्था छ ।

गत वर्ष मात्र हाम्रो गाउँपालिकामा खुर्सानी विक्रीबाट रु छ करोड बढी भित्रिएको अवस्था छ ।’ कृषिबाट स्थानीयको आयस्तरमा सुधार ल्याउँदै गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउने लक्ष्यका साथ लगानी गरिरहेको गाउँपालिका अध्यक्ष किरण राईले बताए ।

छवटा वडा रहेको गाउँपालिकाको भूगोललाई यसको विशेषताका आधारमा छुट्याएर माटो र हावापानी सुहाउँदो खेती लगाउनको लागि प्रोत्साहनमूलक कार्यक्रम ल्याएको गाउँपालिका अध्यक्ष राईले जानकारी दिए । ‘कृषिमा हामीले दूरगामी योजनाका साथ लगानी गरिरहेका छौँ’, अध्यक्ष राईले भने, ‘खास गरेर हामीले यहाँ माटो सुहाउँदो बालीमा जोड दिएका छौँ । गाउँपालिकाले प्राथमिकता निर्धारण गरेर थालेको लगानीको स्थानीयले प्रतिफल लिन थालेका छन् । अहिले गाउँपालिकामा वार्षिकरूपमा छ करोड बढीको खुर्सानी उत्पादन हुने अवस्था छ ।’ गाउँपालिकाले वडा नं ३ च्याङ्ग्रे-४, बास्तिम-५, सानोदुम्मा-६, ठुलोदुम्मामा अकबरे खुसार्नी, मौरीपालन र एभोकाडो खेतीको पकेट क्षेत्र निर्धारण गरिएको जनाएको छ । त्यस्तै वडा नं २ तिवारी भञ्याङको सडकभन्दा माथिदेखि वडा नं १ श्यामशिलाको वडा कार्यालयमुनिको भूगोललाई आलु, बन्दाकोबी र काउली खेतीको पकेट क्षेत्रका रूपमा विकास गर्ने योजनाका साथ काम गरिरहेको गाउँपालिका उपाध्यक्ष ज्योत्सना राईले बताइन् । वडा नं १ श्यामशिलाको माथिल्लो भेगमा किवीखेतीको पकेट क्षेत्र निर्धारण गरिएको उनले जानकारी दिइन् ।**-रासस**

किसानलाई छाडा पशुबाट बाली जोगाउनै हम्मे

कैलालीको जानकी गाउँपालिकामा छाडा पशुले पसाउने बेलाको धान बालीलाई क्षति पुर्याउन थालेपछि किसान समस्यामा परेका छन् । उनीहरुले छाडा पशु व्यवस्थापन गर्न गाउँपालिकालाई आग्रह गरेका छन् ।

किसान डम्बर चौधरीले धान बाली पसाउने बेलामा छाडा पशुले नोक्सानी पुर्याएको बताए । ‘छाडा पशुको उचित व्यवस्थापन नहुँदा सास्तीमात्र होइन, बाली जोगाउन समस्या भएको छ’, उनले भने, ‘धानबाली पसाउन थालेको छ । यस्तो बेलामा पशुले किसानको बाली सखाप गरिरहेका छन् ।’ छाडा पशुले बाली नोक्सान गर्न थालेपछि रात-दिन बाली कुरेर बस्नु परिरहेको जानकी-३ का किसान वीरेन्द्र कुँवरले बताए । ‘केही दिनअघि पशुको बथान पसेर दुई कट्ठा जमिनको धान खाएर सखाप पारे’, उनले भने, ‘त्यसपछि बाली कुर्न थालेका छौँ, तारबार लगाएको बाली पनि पशु पसेर सखाप पार्न थाले ।’ उनका अनुसार छाडा पशुले आफ्नो मात्र नभई अन्य किसानको बालीमा समेत नोक्सानी गरेका छन् । पशुले बाली सखाप पार्ने डरले कतिपय किसानले खेती लगाउन छाडेका छन् । ‘मेरो छिमेकीले लगातार दुई वर्ष पशुका कारण बाली स्याहार्न नपाएकाले यस वर्ष धानबाली रोपेनन्’, उनले भने, ‘यसपालि मास र अलहर खेती गरेका छन् । त्यसमा पनि पशुले क्षति पुर्याएपछि दिक्क छन् ।’ छाडा पशु यस क्षेत्रमा दीर्घकालीन समस्याका रूपमा स्थापित हुँदै आएको छ ।

व्यवस्थापनका लागि केही प्रयास भएका छन् । छाडा पशु व्यवस्थापनका लागि अस्थायी टहरा निर्माणदेखि पालनपोषणका लागि केही कार्य गरेका छन् । ‘सिजनल’ रूपमा तत्कालीन समस्या समाधानको प्रयास भए पनि यसको दीर्घकालीन व्यवस्थापन नहुँदा छाडा पशुको समस्या उस्तै रहेको अर्का किसान गणेश उपाध्यायको गुनासो छ । छाडा पशुको समस्या समाधानका लागि गत वर्ष गाउँपालिकाले रु २५ लाख बजेट विनियोजन गरेको थियो भने यस आर्थिक वर्षमा पनि सोही बराबरको रकम विनियोजन गरेको छ । तत्कालीन समस्या समाधानसँगै दीर्घकालीन समस्या निराकरणका लागि गाउँपालिकाले सबै पक्ष र सरोकारवालासँग छलफल र समन्वय गरिरहेको गाउँपालिका अध्यक्ष गणेश चौधरीले बताए । ‘गाउँपालिकाले पशु व्यवस्थापनका लागि सामुदायिक वनसँग समन्वय र जग्गाको खोजी गरिरहेको छ । व्यवस्थापनका लागि सामुदायिक वनसँग प्रस्ताव राखिएको र व्यवस्थापनको जिम्मेवारी लिन चाहनेलाई प्रस्तावसहित आउन आह्वान गरेका छौँ’, उनले भने, ‘जग्गाको खोजी गर्दैछौँ, कसरी व्यवस्थापन गर्ने भनी गृहकार्य सुरु भएको छ ।

जग्गाका लागि सामुदायिक वनसँग सहकार्य कसरी गर्न सकिन्छ भनेर छलफल चलिरहेको छ ।’ जानकी गाउँपालिकामा करिब एक हजार बढी छाडा पशुचौपाया रहेका छन् । छिमेकी पालिकाबाट आउने पशु नरोक्दासम्म दीर्घकालीन समस्या समाधान नहुने स्थानीय बताउँछन् । कैलालीको टीकापुर नगरपालिकाले भने गौशाला सञ्चालनमा ल्याएको छ । नगरपालिकाले सञ्चालन गरेको गौशाला हाल स्थानीयले व्यवस्थापन समितिमार्फत सञ्चालनको जिम्मा लिएका छन् । गौशालामा करिब छ सय पशु रहेको बताइएको छ ।

-रासस

केरामा लाग्ने रोगको अध्ययन थालियो

कैलालीको टीकापुरमा केरामा देखिएको टिआर-४ (पानामा) रोगको प्रारम्भिक अध्ययन थालिएको छ । नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)ले गरेको केराको नमूना परीक्षणमा पानामा रोगको सङ्क्रमण देखापरेको थियो । पानामा रोगको अध्ययनका लागि राष्ट्रिय बिरुवा संरक्षण संगठन नेपालले गठन गरेको जोखिम विश्लेषण कार्यदलले स्थलगत अध्ययन सुरु गरेको हो ।

राष्ट्रिय बाली रोग विज्ञान अनुसन्धान केन्द्रका वैज्ञानिक डा रामबहादुर खड्काको नेतृत्वमा बनेको सात सदस्यीय कार्यदलले टीकापुरमा पुगेर अध्ययन सुरु गरेको छ । कार्यदलले कृषि क्षेत्रमा काम गर्दै आएका सुदूरपश्चिम प्रदेश र लुम्बिनी प्रदेशका कार्यालय प्रमुखसहित किसानसँग छलफल चलाएको छ ।

प्रारम्भिक चरणमा रोग पत्ता लागेको बारीबाट अर्को बारीमा सर्न नदिनका लागि आचारसंहितासहित कार्यान्वयनका लागि सरोकारवालासँग छलफल गरिएको छ । छलफलका क्रममा कार्यदलका संयोजक कृषि वैज्ञानिक डा रामबहादुर खड्काले किसानलाई हतोत्साहित नभएर सावधानी अपनाउन आग्रह गरे । उनले पानामा रोगको सङ्क्रमण अन्य बारीमा फैलिन नदिन किसान सचेत हुनुपर्ने बताए । माटोबाट रोग सर्ने भएका कारण किसानले प्रत्येक केरा बारीमा क्वारेन्टाइन बनाउनुपर्ने सुझाव कार्यदलले दिएको छ । कार्यदलका सदस्य वरिष्ठ बाली संरक्षण अधिकृत प्रकाश पौडेलले बारीमा जाँदा उत्पादन भएको केरा संगलन र बजारीकरण गर्दा विशेष सावधानी अपनाउन आग्रह गरे । कार्यदलले गरेको अध्ययनले अधिकांश केरा बारीमा रोगको सङ्क्रमण फैलिएको देखाएको छ । कतिपय ठाउँमा केरामा लक्षण नदेखिए पनि माटोबाट सरेको जीवाणुको लक्षण देखिन छ महिनासम्म लाग्ने बताइएको छ । बिरुवाबाट तीन-चार महिनामै लक्षण देखिने गरेको छ । कृषि ज्ञान केन्द्र कैलालीका प्रमुख खगेन्द्र जोशीले किसान आफैं जिम्मेवार हुनुपर्ने बताए ।

उनले किसानले आफ्नो बारीको निगरानी बढाउनुपर्ने र स्थानीय सरकारले किसानसँगको समन्वय बढाउनुपर्नेमा जोड दिए ।

-हाम्रा कुरा डटकम

तानसेनमा बाघ जात्रा

पाल्पा, भदौ १६/पाल्पाको सदरमुकाम तानसेनमा बाघ जात्रा देखाइएको छ । बाघको स्वरुपमा तानसेनका युवाहरु सडकमा निस्किएका थिए । बाघ जात्राको दिन युवाहरु बाघको विभिन्न आकृतिहरुमा सडकमा निस्किएका हुन् । बाघका आकृति सहितका युवाले बाजा बजाएर नगर परिक्रमा गरेका थिए । प्रत्येक वर्ष रोपाइँजात्राको भोलिपल्ट बाघ जात्रा मनाइने गरिन्छ । परापूर्वकालदेखि मनाइदै आइएको बाघजात्रा पछिल्ला वर्षहरुमा भने हराउँदै गएको छ । जात्राको उजागर, संरक्षण तथा नयाँ पुस्तामा हस्तान्तरण नहुँदा यो जात्रा विस्तारै हराउन थालेको हो ।

परापूर्वकालमा बाघको आतंकले तानसेनवासी आजित भएको र बाघलाई मनाउन बाघ जात्रा निकाल्ने प्रचलन रहेको तानसेनवासीहरुको भनाई छ । केही समय अघिसम्म उत्सवको रुपमा निकालिने बाघ जात्रा पछिल्लो वर्ष भने पर्व धान्नको लागि मात्र भए पनि देखाउने गरिएको छ । काठमाडौंपछि सबैभन्दा बढि जात्रा मनाइने सहरका रुपमा मानिने पाल्पामा जनैपूर्णिमाको दिनदेखि लगातार ९ दिनसम्म विभिन्न जात्राहरु मनाउने गरिन्छ ।

मैत्री क्लवको वार्षिक उत्सव तथा अधिवेशन, अध्यक्षमा शाक्य

पाल्पा, भदौ १६/ जिल्लाको सामाजिक क्षेत्रमा क्रियाशील रहेको मैत्री क्लव तानसेनको वार्षिक उत्सव तथा अधिवेशन तानसेनमा भएको छ । क्लवले ४४ औं वार्षिक उत्सव तथा २० औं अधिवेशन गरेको हो ।

अधिवेशनले तीन वर्षे कार्यकालका लागि नयाँ नेतृत्व चयन गरेको छ । जसको अध्यक्षमा मनिता शाक्य, प्रथम उपाध्यक्षमा पञ्च शाक्य, दोस्रो उपाध्यक्षमा सुष्मा महर्जन, सचिवमा विनु थापा शाक्य, कोषाध्यक्षमा सपना बज्राचार्य, सह-सचिवमा सुशीला शाक्य रहेका छन् । क्लवको सदस्यहरुमा दीपेन्द्र बज्राचार्य, सचिन उदास, सुरेश श्रेष्ठ, प्रदिप शाक्य, तेजेन्द्र लाल शाक्य, सन्दीपलाल शाक्य, सरिता बज्राचार्य , सुजन शाक्य, अमृत लाल शाक्य, कविता शाक्य रहेको क्लवका पूर्व अध्यक्ष बिशान्तर शाक्यले जानकारी दिए । क्लवले वार्षिक उत्सवको अवसरमा एसईईमा उर्तिण विद्यार्थीहरुलाई सम्मान गरेको छ । क्लवमा आवद्ध सदस्यहरुका छोराछोरीहरु मध्येबाट एसईईमा उर्त्तिण भएका विद्यार्थीलाई सम्मान गरिएको हो । हरेक वर्ष जस्तै यस वर्ष पनि एसईईमा उर्त्तिण विद्यार्थीहरुलाई सम्मान गरिएको क्लवका पूर्व अध्यक्ष शाक्यले बताए । उनका अनुसार सम्मानित विद्यार्थीहरुलाई नगद सहित प्रमाण पत्रले सम्मान गरिएको थियो ।कार्यक्रममा तानसेन नगरपालिका-३ का वडा अध्यक्ष बाबुरत्न शाक्यले क्लवलाई थप एकतावद्ध र रचनात्मक कार्यक्रम गर्दै अगाडि बढ्न नेतृत्वलाई आग्रह गरे । उनीहरुले क्लवलाई समाजका विकृति र विसंगतीलाई उजागर गर्दै समाज रुपान्तरणमा लाग्नुपर्नेमा जोड दिए । कार्यक्रममा क्लवका पूर्व अध्यक्ष मनिन्द्र बज्राचार्य, संस्थापक सदस्य उत्तम कुमार बज्राचार्य,निवर्तमान अध्यक्ष सन्ध्या बज्राचार्य लगायतले क्लवको सफलताको कामना गरेका थिए । सोही अवसरमा क्लवका कोषाध्यक्ष सन्दीप लाल शाक्यले आय व्यय प्रस्तुत गरेका थिए भने सुशीला शाक्यले आस्था वाचन गरेकी थिइन् । कार्यक्रम उद्घाटन सत्र क्लवका अध्यक्ष धिरेन्द्र लाल शाक्यको अध्यक्षता, प्रथम उपाध्यक्ष मनिता शाक्यको स्वागत, सचिव सुरेश प्रसाद श्रेष्ठको सञ्चालनमा कार्यक्रम भएको थियो ।

खेलकुद समाचार

क्रिकेट संघको अध्यक्षमा पारस खड्का निर्वाचित

काठमाडौं, भदौ १६/नेपाली राष्ट्रिय क्रिकेट टिमका पूर्वकप्तान पारस खड्का बागमती प्रदेश क्रिकेट संघको अध्यक्षमा निर्वाचित भएका छन् ।

शनिबार भएको चुनावमा उमेश पियालाई पछि पार्दै पारस अध्यक्ष निर्वाचित भएका हुन् । उनले २३ मत पाए भने पियाले १४ मत पाए । १३ सदस्यीय कार्यसमितिमा पारससहित उनको टिमबाट १२ जना चयन भएका छन् । उपाध्यक्षमा प्रेमबहादुर क्षेत्री, सचिवमा प्रशन्न शाक्य, कोषाध्यक्षमा सञ्जय बस्नेत विजयी भए । सदस्यहरुमा अजयवीर पाण्डे, अनिल अधिकारी, सन्जोग पोखरेल, सुजन महर्जन, धिरज श्रेष्ठ, शेखर श्रेष्ठ, बसन्तराज सत्याल 'अरुण' र अनुजमान श्रेष्ठ निर्वाचित भए । नीरा राजोपाध्याय भने निर्विरोध निर्वाचित भइन् ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

आँखा पाक्ने रोगका लक्षण देखिएमा घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु

- बरफले आँखा सेक्ने ।
- सेक्दा आँखा बन्द गरेर वा सफा रुमालले सेक्ने ।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने ।
- आँखा छोइसकेपछि साबुन पानीले राम्रोसँग हात धुने ।
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।
- बाहिर घाममा जाँदा कालो चस्मा लगाउने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि दैनिक धुने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अरुलाई प्रयोग गर्न नदिने ।
- स्वास्थ्यकर्मीको सल्लाहविना जथाभावी औषधी प्रयोग नगर्ने ।
- दृष्टि कम हुने लगायका आँखा सम्बन्धी समस्या बढेमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
नेपाल सरकार
विज्ञापन बोर्ड

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हार्दिक समवेदना

जन्म
२००२/०२/२२

स्वर्गारोहण
२०८०/०५/०६

स्व. सेमकला न्यौपाने

जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड पाल्पाका सल्लाहकार, सहकारी अभियान्ता, तानसेन-३, निवासी होमनाथ न्यौपानेकी धर्मपत्नी सेमकला न्यौपानेको मिति २०८० भाद्र ०६ गतेका दिन ७८ वर्षको उमेरमा भएको निधनले संघ परिवार अत्यन्तै स्तब्ध भएको छ । साथै यस दुःखद् घडीमा दिवंगत आत्माको स्वर्गमा वास होस् भनी चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति मिलोस् भनी भगवानसँग प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

धनबहादुर रायमाझी
सचिव
एवं
जगदीश भट्टराई
अध्यक्ष
जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड
तानसेन, पाल्पा, परिवार

हार्दिक समवेदना

जन्म
२००२/०२/२२

स्वर्गारोहण
२०८०/०५/०६

स्व. सेमकला न्यौपाने

जिल्ला सहकारी संघ लिमिटेड पाल्पाका पूर्व कोषाध्यक्ष, सहकारी अभियान्ता, तानसेन-३, निवासी होमनाथ न्यौपानेकी धर्मपत्नी **सेमकला न्यौपाने**को मिति २०८० भाद्र ०६ गतेका दिन ७८ वर्षको उमेरमा भएको निधनले संघ परिवार अत्यन्तै स्तब्ध भएको छ । यस दुःखद् घडीमा दिवंगत आत्माको स्वर्गमा वास होस् भनी चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति मिलोस् भनी भगवानसँग प्रार्थना गर्दै **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

कृष्णप्रसाद भूषाल
सचिव
एवं
भूपति पाण्डे
अध्यक्ष
जिल्ला सहकारी संघ लिमिटेड
तानसेन, पाल्पा, परिवार

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक बेवसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई